# पुचौंडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प.सं.२०८०/०८१
च.नं.

पुचौंडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय हाट, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

हाट, बैतडी
सुदूरपश्चिम प्रदेश,नेपाल


**सूचना ! सूचना !! सूचना !!!**

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८०।१०।१०)

चालु आ.व. २०८०।०८१ को राष्ट्रपति महिला सशक्तिकरण परियोजना अन्तर्गत राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रमा "अति विपन्न तथा पछाडी पारिएका समुदायका महिलाहरु र कोभिड-१९ बाट प्रभावित समेतको लागि जिविकोपार्जन सुधार तथा स्वरोजगार कार्यक्रम" संचालन गर्नका लागि इच्छुक संस्थाहरुले निम्न आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रस्ताव पेश गर्नहुन सम्बन्धीत सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**प्रस्ताव साथ संलग्न हुनुपर्ने विवरण तथा कागजातहरुः**

- संस्थाले प्रस्ताव पेश गर्दा कार्यक्रमको अवधारणा पत्र व्यवसायिक योजना सहित प्रस्तावको ढाँचा राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रमा सञ्चालन सम्बन्धी मापदण्ड, २०७७ को अनुसुचि-२ बमोजिम हुनुपर्नेछ।
- संस्थाको विधान,परिचय,उदेश्य,कार्यसंचालन प्रकृया भौतिक तथा वित्तिय स्रोत सम्बन्धि विबरण,
- प्रस्तावित व्यवसायको अवधारणा पत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र स्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण,
- प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि,
- अधिल्लो आ.व. को कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि,
- अघिल्लो आ.व. को लेखा परिक्षण प्रतिवेदन,
- प्रस्तावित कार्यक्रममा सस्थाको योगदानको अंश, अन्य निकाय बाट प्रप्त हुने सम्भाव्य सहयोग वा समझदारी स्रोत सहितको यथर्थ विवरण,
- कालो सूचिमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्वः घोषणा,
- प्रस्ताव दर्ता गर्दा सस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तिकरण हुने गरि व्यवसायिक सम्भाव्यता समेत उल्लेख गरि सोको कार्यान्वयन कार्ययोजना सहितको प्रस्ताव पेश गर्नुपर्नेछ।

**नोटः** "राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रमा सञ्चालन सम्बन्धि मापदण्ड, २०७७" महिला, बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको वेवसाइट (www.mowcsc.gov.np) मा प्राप्त गर्न सकिनेछ।

२०८०/१०/१०

बिनोद कुमार कुँवर
**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत